# ३७

# दिगो विकासः वातावरण र विकासबीचको सम्झौता

**जगन्नाथ अधिकारी**

विकसित र विकासशील देशहरूमा भइरहेको वातावरण विनाशलाई बचाउन र पुनर्स्थापना गर्न तथा विकासको प्रतिफल बढाई गरिब देश र परिवारहरूको आर्थिक/भौतिकस्तर सुधार्ने उद्देश्यले दिगो विकासको अवधारणा विकिसित भएको हो। सन् १९६० को दशकमा पश्चिमी देशहरूमा भएको तीव्र आर्थिक विकासले गर्दा त्यहाँ 'उपभोगवादी संस्कृति'को विकास भयो । फलतः त्यसले वातावरणमा ठूलो नकारात्मक असर पनि पुऱ्यायो । वातावरण विनाशले मानिसको स्वास्थ्यमा परेको नराम्रा असरहरूको तथ्य प्रकाशमा आएपछि यस्तो विकासको आवश्यकता महसुस भयो जसले मानिसको जीवनस्तर र उपभोगमा कमी पनि नल्याओस् र साथै वातावरणमा पनि नकारात्मक असर नपारोस् । यस्तो आवश्यकतालाई 'दिगो विकास'मार्फत पूरा गरिने सम्भावना देखाइयो ।

सन् १९७१ मा स्टकहोममा भएको अन्तर्राष्ट्रिय सम्मेलनले 'दिगो विकास'को सम्भावनालाई अझ चर्चित बनायो । यस सम्मेलनबाट निस्केको अन्तिम प्रतिवेदन 'हाम्रो साझा भविष्य'ले दिगो विकासलाई "त्यस्तो विकास जसले अहिलेको आवश्यकतालाई आगामी पुस्ताको आवश्यकता पूरा गर्ने क्षमतामा कुनै ह्रास नल्याई पूरा गर्दछ" भनेर परिभाषित गरेको छ। सन् १९९२ मा सम्पन्न रियो पृथ्वी सम्मेलनले पनि दिगो विकासलाई नै जोड दिएको थियो । दिगो विकासको अवधारणाले गरिब तथा धनी देशहरूलाई आफ्नो स्वार्थ पूरा गर्न सजिलो भएकोले यो नै एउटा मान्य सम्झौता जस्तो देखिएको छ । गरिब देशहरूको भौतिक विकास गर्ने अधिकारलाई समेत ध्यान दिने भएकाले 'दिगो विकास'को अवधारणालाई व्यापक रूपमा लैजान यस सम्मेलनको प्रतिवेदनमा 'एजेण्डा - २१' को छुट्टै व्यवस्था गरिएको छ । रियो सम्मेलनले गैरसरकारी संस्थाहरूलाई पनि 'दिगो विकास' कार्यक्रममा सहभागी बनाउने योजना बनाएको थियो । त्यसपछि नागरिक समाजले विभिन्न वातावरणीय

*हाका-हाकी,* ५(२): २४-२५, साउन २०५९ मा प्रकाशित।

तथा विकाससम्बन्धी कार्यक्रमहरू अगाडि बढाउँदै आएका छन् र 'दिगो विकास'को अवधारणालाई क्रमशः व्यापक बनाउँदै आएका छन् ।

दिगो विकास अवधारणाको मुख्य उपलब्धि विकास र वातावरण संरक्षणका हिमायतीहरूबीच एउटा सम्झौता गर्न सफल हुनु हो । यसभन्दा अघि उनीहरूबीच एक-आपसमा समन्वय थिएन र सधैँ विरोधको भाषा मात्र प्रयोग गर्दथे । तर 'दिगो विकास'को अवधारणाले खासै रूपमा दिगो विकास ल्याउला भन्न सकिँदैन किनभने यसले मानिसहरूको बढ्दो उपभोगवादलाई रोक्न कुनै ध्यान दिँदैन । धनी देशहरूमा भइरहेको उपभोग कुनै पनि हालतमा दिगो हुन सक्दैन । तर 'दिगो विकास'को अवधारणाले यस्तो उपभोगमा कटौती गर्ने कुनै उद्देश्य राखेको छैन, बरु यस्तो उपभोगमा वृद्धि वा कम्तीमा पनि कमी नल्याउने उद्देश्य राखेको छ । रियो सम्मेलनमा पनि धनी देशका नेताहरूले आफ्नो देशको जीवनस्तर र उपभोग-संस्कृतिमा कुनै आँच आउन नदिने अडान राखेका थिए । अर्कोतर्फ गरिब देशहरूले आफ्नो विकास गर्ने अधिकार पाउनुपर्छ र त्यहाँ भएका गरिब परिवारहरूको जीवनस्तर सुधार्नुपरेको छ । यी देशहरूले पृथ्वीका साझा सम्पदाहरूमा निकै कम प्रदूषण गरेका छन् । उनीहरूले पृथ्वीका स्रोतहरू निकै मात्रामा प्रयोग गरेका छन् । यसकारण यिनीहरूको विकास गर्ने अधिकार सुनिश्चित हुनुपर्छ । तर यी देशहरूले वातावरणमा कम प्रदूषण गर्ने हो भने धनी देशहरूले स्रोतको उपभोगमा कमी ल्याई त्यस्ता स्रोतहरू गरिब देशहरू, त्यसमा पनि गरिब परिवारहरूको विकास प्रयोगका लागि राख्नुपर्दछ ।

अहिले पृथ्वीका स्रोतहरू बढ्ने सम्भावना छैन र यिनीहरूको प्रयोग पनि चरम विन्दुमा पुगेको छ । अब हुने थप विकास प्रक्रियाले वातावरणमा नराम्रो असर पार्नेछ । अहिलेका गरिब देशहरूमा पनि धनी देशहरूको जस्तो उपभोग बढेमा यहाँको हालको जनसङ्ख्यालाई कम्तीमा पनि पाँचवटा पृथ्वीको आवश्यकता पर्दछ । तर यस्तो पृथ्वी हामीसँग एउटा मात्र छ । यसकारण गरिब देशहरूको विकास धनी देशहरूको स्रोतको उपभोगको कटौतीबाट आउनुपर्दछ । यही क्रमले वातावरणको विनाश हुँदै गएमा गरिब देशहरू नै बढी मर्कामा पर्ने देखिन्छ । वातावरणको संरक्षण-विना गरिब परिवारहरूको जीविकोपार्जन सुरक्षा हुन सक्दैन । र, जीविकोपार्जनको सुरक्षाविना दिगो विकास हुन सक्दैन । किनभने गरिब परिवारहरू बाँच्नका लागि आवश्यक चिजहरू पूरा गर्न सीधै वातावरणमा नै भर पर्नुपर्छ । तसर्थ वातावरणको संरक्षण, न्यायसङ्गत (देश र समाजहरूबीच) वितरण र जीविकोपार्जन सुरक्षा नभएसम्म दिगो विकास सम्भव छैन ।

विकसित (धनी) देशहरूले आफ्नो उपभोगमा कटौती गरी त्यसबाट बचेका स्रोतहरू कम विकसित गरिब देशहरूको विकासमा प्रयोग गर्नुपर्ने आवश्यकता देखिए पनि यसअनुसारको व्यवहार होला भन्ने आशा राख्नु कठिन छ । किनकि रियो सम्मेलनका स-साना सम्झौताहरू पनि पूरा हुन सकेका छैनन् । रियो सम्मेलनको

सचिवालयले सन् १९९३ देखि सन् २००० सम्म एजेण्डा - २१ लागू गर्न ६ अर्ब अमेरिकी डलर आवश्यकता पर्ने अनुमान गरेको थियो र धनी देशले आफ्नो कुल राष्ट्रिय उत्पादनको ०.७ प्रतिशत गरिब देशहरूलाई सहयोगका रूपमा उपलब्ध गराउने समझदारी भएको थियो । तर सन् १९९० को दशकमा अन्तर्राष्ट्रिय सहयोगमा अगाडिका दशकहरूमा भन्दा कमी आयो। सन् १९९२ मा भएका अन्य प्रक्रियाहरूले पनि गरिब देशहरूलाई अप्ठचारोमा पारेको छ जसले गर्दा गरिब परिवारहरूको जीविकोपार्जनमा सङ्कट आइरहेको छ। उदाहरणका लागि विदेशी सहयोगको नाममा भएका संरचनात्मक समायोजन कार्यक्रम, सामाजिक क्षेत्रमा सरकारी लगानी कटौती र विश्वव्यापीकरण, आदिले तुलनात्मक रूपमा गरिब परिवार र देशहरूलाई अप्ठचारोमा पार्दै आएका छन् । आर्थिक र जीविकोपार्जनको सङ्कटले गर्दा यस्ता देशमा वातावरणको विनाश बढ्दै गएको छ। यसबाट यो पुष्टि हुन्छ कि न्यायसङ्गत वितरण गर्ने समस्या यथावतै छ। धनी देशहरूले अझै पनि वातावरण संरक्षणभन्दा व्यापारलाई प्रोत्साहन दिएका छन् र गरिब देशसँगको व्यापारबाट बढीभन्दा बढी मुनाफा लिइरहेका छन्। यस्तो अवस्थाले गर्दा साँच्चैको 'दिगो विकास'को सम्भावना कम हुँदै गएको छ। ♦